प्रदेश सरकार

सुदूरपश्चिम प्रदेश

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

धनगढी, कैलाली
नेपाल

प्रदेश सरकार सुदूरपश्चिम प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय धनगढी, कैलाली, नेपाल २०७४

प.सं.:

च.नं.:

मितिः

## विज्ञप्ति

मिति २०७८ साल भाद्र ५ गते सञ्चार माध्यममा प्रकाशित "सुदूरपश्चिमको मुख्यमन्त्री कार्यालयद्वारा जिम्मेवारी बिना विषयगत मन्त्रालयका कार्यक्रम सञ्चालन" शीर्षकको समाचारप्रति यस कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ। यस कार्यालयले सँधै विधिको शासन कायम गरी प्रदेशको विकास र समृद्धिका लागि दत्तचित्त भई कार्यहरु सञ्चालन गर्दै आएको छ। मुख्यमन्त्री अन्तर प्रदेश परिषद्, राष्ट्रिय समन्वय परिषद् लगायतका वैठकमा सहभागी हुनु पर्ने तथा उच्चस्तरको भेटघाट र प्रशासनिक लगायतका कार्यका लागि संघीय राजधानी समय समयमा आवतजावत गर्नु पर्ने भएको र मुख्यमन्त्रीको गरिमा तथा कार्यसम्पादनलाई सहज बनाउनको लागि नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७५।०९।०६ मा स्वीकृत कार्ययोजनाको बुंदा नं. १६ बमोजिम नेपाल सरकारले नै सातै प्रदेशका मुख्यमन्त्रीका लागि निवास तथा सम्पर्क कार्यालय २०७६ साल भदौ महिनादेखि व्यवस्थापन गर्दै आएको छ। उक्त निवास तथा सम्पर्क कार्यालयका लागि अत्यावश्यक सामान नियमानुसार खरिद गरिएको र उक्त सम्पर्क कार्यालयका लागि प्रदेश सरकार उपर हालसम्म अन्य व्ययभार परेको छैन।

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७४।१०।२६ गतेको निर्णयानुसार तत्कालीन क्षेत्रीय प्रशासकलाई प्राप्त अधिकार सम्बन्धित प्रदेशको प्रदेश प्रमुख सचिवलाई प्रत्यायोजन भई निजामती कर्मचारीका सन्ततिका लागि आवासीय विद्यालय सम्बन्धी काम यस कार्यालयले गर्दै आएको छ।

प्रदेश सरकार तथा यस कार्यालयको सन्दर्भमा विना आधार, प्रमाण, तथ्य नबुझी कपोलकल्पित ढंगबाट प्रेसित समाचारप्रति सचेत रहन आमजनसमुदायलाई आग्रह गर्दछौं।

मिति:२०७८/५/११

(विश्वदीप वेस्रा)

प्रवक्ता

**उप–सचिव**

टेलिफोन : ०९१५२२५१८, ०९१५२३९५७, ०९१५२७२३२, ०९१५२५५७२, ०९१५२५९६१, ०९१५२३६८५, ०९१५२५३४३, फ्याक्स : ०९१५२५३४३, टोल फ्री नं.: १६६०९१५२२७२
Website: www.p7ocmcm.gov.np